नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं पौष १४ गते २०१० साल [संख्या ११

भाग १

पब्लिक सर्भिस कमिशनको सूचना नं. ७

तपसीलका ठाउँ अडैलाई तपसीलके विवरणका उमेदवारको आवश्यकता छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा लेखिएका मितिभित्र तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला।

नेपाली जातित्व प्राप्त उम्मेदवारलाई पहिलो ग्राह्यता दिइनेछ।

नं. १ (क) पद—अर्थमन्त्रालय—अन्तर्गत ब्रह्मदेउ मंडी र फूलाघाट बजार अड्डालाई दुइ जना हाकिम बरोंदार, स्थायी र पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—निजामती मध्यम परीक्षा। हाकिमी काम गर्ने अनुभवलाई विशेष ग्राह्यता दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ग) मासिक तलब स्केल र भत्ता—तलब रु. ७०—१२० महगी भत्ता रु १२।, विशेष भत्ता रु १५

(घ) काम—निकाशा पुकासाको रपोट आदि र बजारको असूल तहसील गरी स्याहा सूस्ता खडा गरी बही बुझाउने ।

(ङ) शर्त— भूलाघाटतर्फ निकाशी पैठारी महसूलबाट वर्ष १ मा कति आमदानी पुऱ्याउने, ब्रह्मदेउतर्फलाई कोठी घर २०० बनाउन लगाउने गरी भए वर्ष १ मा आमदानी के कति पुऱ्याउने । कोठी घर नबनाउने भए वर्ष १ मा के कति आमदानी पुऱ्याउने ।

(च) विशेष सहूलियत—सरकारी घर वा घरका निमित्त मुनासीब माफिकको भाडा पाइने ।

(छ) आफिसमा दरखास्त पुग्नपन आखिरी मिति—२०१० साल फाल्गुन ११ गते रोज २ (२२ फरवरी १९५४)

नं. २ (क) पद—पब्लिक वर्क्स तथा संचारमन्त्रालय—अन्तर्गत पाल्ही माझ-खण्ड गोस्वाराबाट एकजना ओभरसियर, स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—सरकार स्वीकृत इन्जीनियरिङ कलेज वा स्कूलबाट ओभरसियर सबोर्डिनेट इन्जीनियर वा अपसबोर्डिनेट पास गरेको हुनुपर्छ। घर, पूल, बाटो बनाउनेतर्फ एक्सपर्ट हुनुपर्छ ।

(ग) मासिक तलब स्केल र भत्ता—तलब १४०—७—२८०, महगी भत्ता रु. २०

(घ) काम—सिभिल इन्जीनियरिङ ।

(ङ) विशेष सहूलियत—सरकारी घर पाइने ।

(च) आखिरी मिति—२०१० साल फाल्गुन १४ गते रोज ५ (२५ फरवरी १९५४)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

नं. ३ (क) पद—शिक्षामन्त्रालय—अन्तर्गत घुमुवा स्कूल हाल भक्तपुरलाई एक जना मिडिल शिक्षक, स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—विभिङ र डाइङमा टेक्निकल स्कूल-बाट सरकारी प्रमाणपत्र हासिल गरेको ।

(ग) अभ्यास अवधि—६ महिना ।

(घ) मासिक तलब स्केल र भत्ता—तलब मोरु. ७०।—१३०। महगी भत्ता मोरु १५ ।

(ङ) काम—हरएक ठाउँमा १।१ वर्षको हिसाबले घुमी ग्रामीणहरुलाई विभिङ र डाइङ पढाउने र प्रयात्किकल गराउने ।

(च) विशेष सहूलियत—वार्षिक घर भाडा मोरु ४०।

(छ) आखिरी मिति—२०१० साल फाल्गुन १७ गते रोज १ (२८ फरवरी १९५४)

नं. ४ (क) पद—शिक्षामन्त्रालय-अंतर्गत पद्मकन्या विद्याश्रम हाइस्कूल डिल्लीब-जारलाई एकजना सितार शिक्षक (मिडिल शिक्षक) स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—एस्. एल्. सी. को सिलेबसअनुसार हाई क्लाससम्म सितार सिकाउन सक्ने । सितार मात्राभा विशेष योग्यता भएकोलाई विशेष ग्राह्यता दिइनेछ ।

(ग) मासिक तलब स्केल र भत्ता—तलब मो. रु. ७० ।—१३०। महगी भत्ता मोरु. १२।५० ।

(घ) अभ्यास अवधि—६ महिना ।

(ङ) आखिरी मिति—२०१० साल फाल्गुन १७ गते रोज १ (२८ फरवरी १९५४)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

नं.५ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार हाइस्कूलमाई एकजना मिडिल क्लास शिक्षक, स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता— आइ.ए शिक्षक कामका विशेष ज्ञान भएकोलाई ग्राह्यता दिइनेछ।

(ग) मासिक तलब स्केल र भत्ता— तलब मोरु ७०।—१३०। महगी भत्ता मोरु. १५।

(घ) अभ्यास अवधि— ६ महीना।

(ङ) आखिरी मिति-२०१० साल फाल्गुन १७ गते रोज १ (२८फरवरी १९५४)

नं. ६ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार इण्टर मिडिएट कलेज र अरू सरकारी कलेजहरूका निमित्त पोलिटिक्सको एकजना लेक्चरर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—पोलिटिक्समा एम. ए. कमसे कम दोस्रा दर्जा।

(ग) मासिक तलब स्केल र भत्ता—तलब मोरु. १८०।—३६०। महगी भत्ता मोरु. २०।

(घ) अभ्यास अवधि—६ महीना।

(ङ) आखिरी मिति—२०१० साल फाल्गुन १८ गते रोज २ (१ मार्च १९५४)

नं.७ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार इण्टर मिडिएट कलेज र अरू सरकारी कलेजहरूका निमित्त अर्थशास्त्रका एकजना लेक्चरर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता— अर्थशास्त्रमा एम्. ए., कमसे कम दोस्रा दर्जा एम्. ए. मा अर्थशास्त्र साथै योजना र विकास विषयको विशेष अध्ययन गरेकालाई विशेष ग्राह्यता दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ग) मासिक तलब स्केल र भत्ता— तलब मोरु. १८०।--३६०।
महगी भत्ता मोरु. २०।

(घ) अभ्यास अवधि—६ महीना।

(ङ) आखिरी मिति— २०१० साल फाल्गुन १८ गते रोज २
(१ मार्च १९५४)

नं. ८ (क) पद — शिक्षामन्त्रालय--अन्तर्गत पद्म-कन्या कलेज र अरू सरकारी कलेजहरूका निमित्त इतिहासको एकजना लेक्चरर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

(घ) आवश्यक न्यूनतम योग्यता— इतिहासमा एम्. ए. कमसे कम दोस्रा दर्जा। बी.ए. मा इतिहास, राजनीति र विशेष शिक्षाशास्त्र अध्ययन गरेकालाई विशेष ग्राह्यता दिइनेछ।

(ग) मासिक तलब स्केल र भत्ता— तलब मोरु. १८०।—३६०
महगी भत्ता मोरु. २०।

(घ) अभ्यास अवधि—६ महीना।

(ङ) आखिरी मिति— २०१० साल फाल्गुन १८ गते रोज २
(१ मार्च १९५४)

आज्ञाले—
वर्द्धमान मल्ल एम. ए.
सेक्रेटरी--पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि